# ओभरटाइम भत्ता

・रोजगारदाताले ओभरटाइम भत्ता भुक्तानी गर्दैन।
・म हरेक दिन राति अबेरसम्म काम गरिरहेको छु तर कम्पनीले मलाई अतिरिक्त समयको भत्ता भुक्तानी गर्दैन।

---

**1. सुरुमा माग गर्नुहोस्।**

ओभरटाइम भत्ता भुक्तानी नगरिने अवस्थामा विभिन्न परिस्थितिहरू हुन सक्छन्। जस्तोसुकै परिस्थिति भए तापनि माग गर्ने कुराबाट पहिलो कदम सुरु हुन्छ। समय बित्दै गयो भने सत्यतथ्यहरू अस्पष्ट हुने, प्रमाणहरू पनि समयसँगै हराउँदै जाने गर्छ। तुरुन्तै आवश्यक कदम चाल्नुहोस्।

एकपटक पनि माग वा निश्चय नगरेको खण्डमा, सुरुमा मौखिक रूपमा माग गरी, किन भुक्तानी नगरिएको हो, भुक्तानी गर्ने भए कहिले भुक्तानी गर्ने र त्यसका साथै भुक्तानी नगरिएको रकम पनि निश्चय गर्नुहोस्। यस्तो अवस्थामा भुक्तानी गर्ने दिशा तर्फ कुरा अघि बढेमा, कम्पनीलाई भुक्तानी नगरिएको रकम र भुक्तानी मिति लेख्न लगाई लिखित पत्र लिनुहोस्।

साथै श्रम सम्झौता पत्र, कार्य नियमावली, पारिश्रमिक नियमावली, टाइम कार्ड आदि माग गरिएको प्रमाण हुने कागजात प्राप्त गरेर राख्नुहोस्।

**2. कम्पनीले** भुक्तानी **नगरिनुको** कारण **भनेको खण्डमा**

काम गर्ने समय भनेको रोजगारदाताको काम गर्दाको निर्देशन वा नियन्त्रण अन्तर्गतमा रहेको समय अथवा रोजगारदाताको स्पष्ट वा अप्रत्यक्ष निर्देशन अनुसार काममा संलग्न हुने समय हो।

कानुन अनुसार सामान्यतया काम गर्ने अधिकतम समय 1 हप्तामा 40 घण्टा र 1 दिनमा 8 घण्टा भनेर तोकिएको छ (विश्रामको समय बाहेक)। यो समय नाघेर गरेको कामको लागि ओभरटाइम भत्ता भुक्तानी नगरीकन हुँदैन।

ओभरटाइम भत्ता सम्बन्धित अतिरिक्त समय र बिदाको दिनमा गरेको कामको लागि कार्य नियमावली र श्रम मापदण्ड ऐन अनुसार सामान्य काम गर्ने समय अथवा काम गर्ने दिनमा पारिश्रमिकको 25 प्रतिशत वा सोभन्दा बढी र कानुनद्वारा तोकिएको बिदाको दिनमा गरेको कामको लागि 35 प्रतिशत वा सोभन्दा बढीको अतिरिक्त दरमा गणना नगरीकन हुँदैन।

ठूला कम्पनीहरूले एक महिनामा 60 घण्टा भन्दा बढीको अतिरिक्त समय श्रमको लागि 50 प्रतिशत वा सोभन्दा बढीको अतिरिक्त दरको पारिश्रमिक भुक्तानी नगरीकन हुँदैन। (साना तथा मध्यम कम्पनीहरूमा 2023 साल अप्रिल 1 तारिखमा लागु)

साथै राति अबेरसम्म (सामान्यतया 10:00 PM देखि 5:00 AM सम्म) काम गराएको खण्डमा पनि 25 प्रतिशत वा सोभन्दा बढीको अतिरिक्त दरको पारिश्रमिक भुक्तानी नगरीकन हुँदैन (राति अबेरसम्म ओभरटाइम जारी रहेको बेला कुल मिलाएर 50 प्रतिशत अतिरिक्त दर वा सोभन्दा बढी लागु हुन्छ)।

कम्पनीको एकतर्फी स्पष्टीकरण मात्र नभई, वस्तुगत जानकारी प्राप्त गर्ने प्रयास गरी, कुनै शंका भएमा स्पष्ट रूपमा निश्चय गर्नु महत्त्वपूर्ण हुन्छ।

**3.** मैले **कम्पनीसँग माग गरें** तर **भुक्तानी गरिएन।**

शंका लागेको कुरालाई त्यत्तिकै नछोडी, कानागावा जिल्लाको विदेशी नागरिकहरूको लागि श्रम सम्बन्धी परामर्श काउन्टरमा फोन गरी वा प्रत्यक्ष रूपमा आएर परामर्श गर्नुहोस्।

काउन्टरमा अनुवादक मार्फत समस्याको समाधानका उपायहरूबारे सल्लाह दिने, अवस्था अनुसार कम्पनीमा सम्पर्क गरी सत्य कुरा निश्चय गर्ने जस्ता कुराहरू गरी सम्बन्धित पक्षहरू आफै समाधानमा पुग्न मद्दत गरिन्छ।

---

**पुष्टि गर्नुहोस्।**

□ ओभरटाइम भत्ताको गणना विधि कस्तो छ?
□ ओभरटाइम समयबारे विवादहरू छन्?
□ भुक्तानी नगरिएको रकम र कारण स्पष्ट पार्नुहोस्।
□ तलबको विस्तृत विवरण पत्र, सम्झौता पत्र, कार्य नियमावलीको प्रतिलिपि, सिफ्ट तालिका, टाइम कार्डको प्रतिलिपि, काम गरेको दिन र काम गरेको घण्टा संख्याको नोट आदि भएमा उपयोगी हुन्छ।

---